नेपाल सरकार
अर्थ मन्त्रालय
# बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

१७०७

मिति: बैशाख २६, २०६७

श्री महालेखा नियन्त्रकको कार्यालय,
अनामनगर ।

**बिषय :स्थानीय कर्मचारीलाई उपलब्ध गराउने स्थानीय भत्ता सम्बन्धमा ।**

स्थानीय कर्मचारीलाई स्थानीय भत्ता उपलब्ध गराउने सम्बन्धमा मन्त्रिपरिषदबाट मिति २०६७।१।२१ मा देहाय बमोजिम निर्णय भएकोले उक्त निर्णय कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ ।

"२०६७ साल बैशाख १ गतेदेखि लागू हुने गरी स्थानीय भत्ता उपलब्ध हुने जिल्लाहरुमा काम गर्ने त्यही जिल्लाभित्र स्थायी ठेगाना भई बसोबास गर्ने निजामती कर्मचारीहरुलाई पनि जिल्ला बाहिर स्थायी बसोबास भएका निजामती कर्मचारीहरुले पाएसरहको स्थानीय भत्ता उपलब्ध गराउने ।"

जनक राज शर्मा
शाखा अधिकृत

**बोधार्थ :**
श्री संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

स.३७ प.द.नं. ४०३
०६६।९।१२

त्रिभुवन विश्वविद्यालय
पो.ब.नं. ८२१२, कीर्तिपुर
काठमाण्डौं, नेपाल ।

Tribhuvan University
P.O. Box 8212, Kirtipur
Kathmandu, Nepal

# रजिष्ट्रारको कार्यालय
## OFFICE OF THE REGISTRAR
आर्थिक प्रशासन महाशाखा

Ref: ६८०।०६६।०६८
मिति: २०६७।९।२१

श्री त्रि.वि. सभा तथा कार्यकारी परिषद्को कार्यालय
त्रि.वि. केन्द्रीय कार्यालय ।

विषय:-स्थानीय कर्मचारीलाई उपलब्ध गराउने स्थानीय भत्ताको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारले निजामति सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई २०६७ साल बैशाख १ गते देखि लागू हुने गरी स्थानीय भत्ता उपलब्ध हुने जिल्लाहरुमा काम गर्ने त्यही जिल्ला भित्रका स्थायी ठेगाना भई बसोबास गर्ने निजामति कर्मचारीहरुलाई पनि जिल्ला बाहिर स्थायी बसोबास भएका निजामति कर्मचारीहरुले पाए सरहको स्थानीय भत्ता उपलब्ध गराउन व्यवस्था गरे अनुरुप त्रि.वि. सेवामा कार्यरत रहेका शिक्षक तथा कर्मचारीहरुलाई पनि २०६७ बैशाख १ गते देखि नै लागू हुने गरी स्थानीय भत्ता उपलब्ध गराउने कार्यवाहीका लागि कार्यकारी परिषद्मा पेश हुँदा कार्यकारी परिषद्को निर्णय नं.२१८८ मिति २०६७।७।१७ को निर्णयानुसार त्रि.वि. लाई वार्षिक के कति आर्थिक व्ययभार थप हुन्छ सोको विवरण आर्थिक प्रशासन महाशाखाबाट माग गर्ने भन्ने भए अनुसार उक्त सुविधा प्रदान गर्नुपर्ने क्याम्पसहरु १) भोजपुर २) धनकुटा ३) तेह्रथुम ४) गोरखा ५) लमजुङ्ग ६) बाग्लुङ्ग ७) जुम्ला ८) डोटी र ९) डडेल्धुरा क्याम्पसहरुलाई पत्राचार गर्दा सम्वन्धित क्याम्पसहरुबाट प्राप्त हुन आएको जानकारी अनुसार वार्षिक व्ययभार ३० लाख थप हुने देखिएको व्यहोरा अनुरोध गरिएको छ । टिप्पणी र प्रस्तावसहितको फाईल समेत संलग्न छ ।

०६६।९।२८

(शान्तिराज कायस्थ)
प्रमुख
आर्थिक प्रशासन महाशाखा

फोन नं. ३३०४३६, फ्याक्स ९७७-१-३३१९६४)

Tel: 330436, Fax: 977-1-331964

त्रिभुवन विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय
**Office of the Registrar**
त्रि.वि. सभा तथा कार्यकारी परिषदको कार्यालय

त्रिभुवन विश्वविद्यालय
८२१२, कीर्तिपुर
काठमाण्डौं, नेपाल
फोन नं. ४३३०४३९

Tribhuvan University पो.ब.नं.
P.O.Box 8212, Kritipur
Kathmandu, Nepal
Phone.No.4330439

स.का.प.च.नं. ४६२/०६६/०६८
मिति: २०६७/१२/१३

श्री आर्थिक प्रशासन महाशाखा,,
त्रि.वि. कीर्तिपुर ।

विषय : निर्णय पठाएको बारे ।

2832

मिति २०६७/१२/११ गते बसेको त्रि.वि. कार्यकारी परिषदको बैठकको निर्णय नं. २४१२ त्यस महाशाखासंग सम्वन्धित भएकोले आवश्यक कार्यार्थ पठाएको व्यहोरा अनुरोध गर्दछु । सम्वन्धित फाइल यसैसाथ संलग्न छ ।

........................
गोविन्दबहादुर प्रधान
कार्यकारी सचिव

निर्णय नं. २४१२
स्थानीय भत्ता उपलव्ध हुने जिल्लामा काम गर्ने कर्मचारीलाई स्थानीय भत्ता उपलव्ध गराउन प्राप्त प्रस्तावमा छलफल हुँदा कार्यरत जिल्लामा स्थायी ठेगाना भई बसोवास गर्ने निजामति सेवाका कर्मचारीलाई जिल्ला वाहिर स्थायी ठेगाना भएका कर्मचारीले पाएसरहको स्थानीय भत्ता उपलव्ध गराए अनुसार त्रि.वि. मा कार्यरत जिल्लामा स्थायी ठेगाना भई बसोवास गर्ने शिक्षक कर्मचारीहरुलाई पनि जिल्ला वाहिर स्थायी ठेगाना भएका शिक्षक कर्मचारीले पाएसरह स्थानीय भत्ता मिति २०६८।१।१ देखि लागू हुने गरी उपलव्ध गराउने निर्णय भयो ।

त्रिभुवन विश्वविद्यालय
पो.ब.नं. ८२१२, कीर्तिपुर
काठमाण्डौं, नेपाल ।

Tribhuvan University
P.O. Box 8212, Kirtipur
Kathmandu, Nepal

रजिष्ट्रारको कार्यालय
OFFICE OF THE REGISTRAR
आर्थिक प्रशासन महाशाखा

Ref: २६६।०६६।८६८
मिति: २०६७।८।५

श्री धनकुटा क्या० क्याम्पस
धनकुटा

विषय:- रकमको विवरण उपलब्ध गराई दिने ।

प्रस्तुत विषयको सम्बन्धमा नेपाल सरकारले निजामती सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई २०६७ साल बैशाख १ गतेदेखि लागू हुने गरी स्थानीय भत्ता उपलब्ध हुने जिल्लाहरुमा काम गर्ने त्यहि जिल्ला भित्रका स्थायी ठेगानामै बसोबास गर्ने निजामती कर्मचारीलाई अन्य कर्मचारीहरुले पाए सरहको भत्ता प्रदान गर्ने निर्णय पश्चात त्रि.वि. सेवामा कार्यरत रहेका शिक्षक कर्मचारीहरुलाई पनि उक्त सुविधा प्रदान गर्ने सम्वन्धमा कार्यवाही हुंदा वार्षिक आर्थिक मध्ये के कति थप हुन्छ सो सो बारेमा विवरण पेश गर्न कार्यकारी परिषदको बैठकको निर्णय नं. २१८८ मिति २०६७।७।१७ को बैठकबाट निर्णय भएकाले त्यस क्याम्पसमा उपरोक्त अनुसारको सुविधा प्रदान गर्दा वार्षिक रुपमा के कति आर्थिक व्ययभार पर्न जान्छ सोको विस्तृत विवरण ( नाम,नामेसी र रकम ) तयार गरी यथाशिघ्र उपलब्ध गराई दिनुहुन निर्देशानुसार अनुरोध गरिएको छ ।

(रामचन्द्र आचार्य)
लेखा नियन्त्रक
विनियोजन लेखाशाखा

(फोन नं. ३३०४३६, फ्याक्स ९७७-३३१९६४)
Tel: 330436, Fax: 977-1-331964

निर्णय नं. १७६८

नेपाल सरकारले २०६६ साल श्रावण १ गते देखि लागु हुने गरी स्थानीय भत्ताको मासिक दरमा बृद्धि गरेको हुँदा त्रि. वि. अन्तर्गतका निकायमा कार्यरत शिक्षक कर्मचारीहरूलाई पनि सोही मिति देखि लागु हुने गरी स्थानीय भत्तामा बृद्धि गर्न प्राप्त प्रस्तावमा छलफल हुँदा नेपाल सरकारले २०६६ साल श्रावण १ गते देखि नै नयाँ कायम गरेको दर बमोजिम हुने गरी त्रि. वि. मा कार्यरत शिक्षक कर्मचारीहरूलाई २०६६ साल श्रावण १ गते देखि नै लागु हुने गरी तपशिल बमोजिम स्थानीय भत्ता बृद्धि गर्ने निर्णय भयो ।

| पद | क बर्ग | | ख बर्ग | | ग बर्ग | | घ बर्ग | | ङ बर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सदरमुकाम र ६ कोषभित्र | सदरमुकाम बाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोषभित्र | सदरमुकाम बाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोषभित्र | सदरमुकाम बाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोषभित्र | सदरमुकाम बाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोषभित्र | सदरमुकाम ६ कोष भन्दा बा[हिर] |
| पियन वा सो सरह | ४,५००।- | ४,९२०।- | ३,६००।- | ३,९८०।- | २,७००।- | २,८४०।- | १,४००।- | १,७६०।- | ४६०।- | ४६०।- |
| [illegible] | ४,९५०।- | ५,२००।- | ३,९६०।- | ४,१६०।- | २,९७०।- | ३,१२०।- | १,६०१।- | १,६८०।- | ५१०।- | ५४०।- |
| ल्याब ब्वाय वा सो सरह | ५,४००।- | ५,६९०।- | ४,३२०।- | ४,५४०।- | ३,२४०।- | ३,४००।- | १,८२०।- | २,०००।- | ५६०।- | ५९०।- |
| असिष्टेण्ट वा सो सरह | ६,१५०।- | ६,४६०।- | ४,९२०।- | ५,१७०।- | ३,५००।- | ३,६८०।- | २,०५०।- | २,२९०।- | ६३०।- | ६६०।- |
| है अ वा सो सरह | ७,३५०।- | ७,९२०।- | ५,८८०।- | ६,१७०।- | ४,२००।- | ४,४१०।- | २,४५०।- | २,५७०।- | ७४०।- | ६८०।- |

| पद | क वर्ग | | ख वर्ग | | ग वर्ग | | घ वर्ग | | ङ वर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सदरमुकाम र ६ कोश मित्र | सदरमुकामबाट ६ कोश र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोश मित्र | सदरमुकामबाट ६ कोश र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोश मित्र | सदरमुकामबाट ६ कोश र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोश मित्र | सदरमुकामबाट ६ कोश र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोश मित्र | सदरमुकामबाट ६ कोश र सो भन्दा बाहिर |
| सहायक प्रशासक वा सो सरह। | ११,२५०।- | ११,८१०।- | ९,०००।- | ९,४५०।- | ६,७००।- | ७,०४०।- | ३,०००।- | ३,१५०।- | १,०३०।- | १,०८०।- |
| उपप्रशासक वा सोसरह। | १२,९८०।- | १३,६३०।- | १०,३८०।- | १०,९००।- | ७,५००।- | ७,८८०।- | ४,०००।- | ४,२००।- | १,३२०।- | १,३८०।- |
| सहप्रशासक वा सोसरह। | १५,७५०।- | १६,५४०।- | १२,६००।- | १३,२३०।- | ८,६००।- | ९,०३०।- | ५,०००।- | ५,३६०।- | १,६८०।- | १,७५०।- |
| प्रशासक वा सोसरह। | १९,४००।- | २०,३७०।- | १४,४००।- | १५,१२०।- | १०,४००।- | १०,९२०।- | ८,४००।- | ८,८२०।- | १,८२०।- | १,९२०।- |

१. स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गीकरण

'क' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरू
मनाङ्ग, डोल्पा, मुगु, हुम्ला

'ख' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरू
मुस्ताङ्ग, बझाङ्ग, बाजुरा, जुम्ला, कालिकोट, दार्चुला

'ग' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरू
रुकुम, जाजरकोट, दैलेख, अछाम

'घ' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरू
ताप्लेजुङ्ग, सखुवासभा, भोजपुर, तेह्रथुम, खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु, म्याग्दी, रोल्पा, सल्यान, प्यूठान, डोटी, डडेलधुरा, बैतडी ।

'ङ' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरू
पाँचथर, धनकुटा, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ्ग (सदरमुकाम क्षेत्र), गोरखा, लमजुङ्ग, बाग्लुङ्ग, पर्वत, गुल्मी, अर्घाखाँची

स्पष्टीकरणः- माथि जिल्ला सदरमुकामका स्थानीय भत्ता सम्बन्धमा जुन सुकै दरहरू उल्लेख गरिएका भए पनि देहायका उल्लेख भएका स्थानहरूमा कार्यरत कर्मचारीहरूले देहाय बमोजिमका दरले स्थानीय भत्ता पाउनेछन् ।

(१) "ख" वर्गको सदरमुकामको दरले पाउने जिल्लाका गाउ विकास समितिहरू

१. ताप्लेजुङ्गको (१) धुन्सा र ~~[illegible]~~ (२) ओलाङ्गचुङ्गगोला
२. संखुवासभाको (१) चेपुवा, (२) हेदाङ्गना, (३) किमाथाङ्का, (४) स्याकसिला, (५) वालुङ्ग र (६) सिमाजोर
३. सोलुखुम्बुको (१) खुम्जुङ्ग, (२) नाम्चे र (३) चौरीखर्क
४. दोलखाको (१) लामा बगर (२) रोल्वालिङ्ग र (३) गोगर
५. रसुवाको (१) टिमुरे
६. गोरखाको (१) सिर्दिबास, (२) प्रोक, (३) लोह, (४) केरोजा (५) छेकम्पार र (६) मान्बु ।
७. बाग्लुङ्गको (१) बोडाग, (२) निसी, (३) हुकाम, (४) रन्मा, (५) मैकोट र (६) टकवाङ्गी
८. डोटी जिल्लाको खप्तड जडीबुटी उद्यानको ९००० (नौ हजार) फिट मन्दा उचाईको भाग ।

(२) "घ" वर्गको ६ कोष्ठ मन्दा माथिको दर पाउने जिल्लाका गाउ विकास समितिहरू

९. धादिङ्गको (१) बुढाथुम, (२) लापा, (३) फुलखर्क, (४) रिगाउ, (५) सल्यानकोट र (६) सल्यानटार
१०. सिन्धुपाल्चोकको (१) बराचो, (२) ब्लखा, (३) मोताग, (४) वीरता गोल्चे, (५) गुनसा, (६) गुवा, (७) किउल, (८) लिसतीकोट, (९) महाङ्काल, (१०) थांगताग, (११) फुल्पीङ्गकोट,

(१२) धागपालकोट र (१३) टिमुवठगल टिनुस घ्यागल ।

११. लमजुङ्गको (१) बाहुन डाँडा महेन्द्रोदय (२) श्रीकाली कातार्धी, (३) ठूलीवेसी पताङ्गगाँ र (४) ठाक्न फालिकादेवी ।

२. स्थानीय भत्ता दिने आधार :

(क) राशन सुविधा पाईरहेका निजामती, नेपाली सैना, नेपाल प्रहरी, सशस्त्र प्रहरीवल एवं त्यस्तै सुविधा पाएका र कार्यरत जिल्ला भित्र स्थानीय बसोबास भएका निजामती सेवाका कर्मचारीहरूले तोकिएको रकमको २५ प्रतिशतका दरले मात्र स्थानीय भत्ता पाउने छन् ।
तर ''क'' र ''ख'' बर्गमा मने तोकिएको दरको ५० प्रतिशतले स्थानीय भत्ता पाउने छन् ।

(ख) स्थानीय स्तरमा समितिद्वारा नियुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीहरूले स्थानीय भत्ता पाउने छैनन् । स्थानीय स्तरमा नियुक्त हुने कर्मचारी भन्नाले स्थानीय निकाय वा समितिहरूले नियुक्त गरी नेपालसरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीहरूलाई बुझाउँछ ।
तर ''क'' र ''ख'' वर्गमा काम गर्ने कर्मचारीहरूलाई मने तोकिएको दरको ५० प्रतिशतले स्थानीय भत्ता दिइनेछ ।

(ग) कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउनेछ । कर्मचारीको पदस्थापना स्थानीय भत्ता पाउने स्थानमा भएतापनि निजामती सेवा ऐनको दफा १८ (२) बमोजिम काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा वसी काम गरेमा निजले सो अवधिभर स्थानीय भत्ता नपाउने वा त्यस्तो स्थानको निमित्त तोकिएको भत्ता मात्र पाउनेछ ।

(घ) एक वर्षमा पटक पटक वा एकपटक गरी ३० दिनसम्मको विदामा बसेको कर्मचारीलाई स्थानीय भत्ता दिइनेछ । तर सुत्केरी विदाको हकमा नियमानुसार पाउने विदा दिनमा पनि स्थानीय भत्ता दिइनेछ । अध्ययन काज तथा अध्ययन विदा र असाधारण विदामा बसेको कर्मचारीले स्थानीय भत्ता पाउने छैन । भत्ता पाउने स्थानमा पदाधिकार रहेको आधारमा मात्र स्थानीय भत्ता दिइने छैन ।

(ङ) एउटै श्रेणी भित्र विभिन्न तह रहेकोमा स्थानीय भत्ता दिने प्रयोजनका लागि सबै तहकालाई सम्बन्धित श्रेणीको निमित्त तोकिएको रकम उपलब्ध गराउनु पर्नेछ ।